मन्थली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

(पशु सेवा शाखा)

मन्थली रामेछाप

बागमती प्रदेश नेपाल

## सूचना प्रकाशित मिति २०७९/११/१७

यस नगरपालिको पशु सेवा तर्फको आ.व. २०७९/८० को बार्षिक कार्यक्रम अनुसार बर्षे (टियोसेन्टि) घांसको विउ ६१.११ हेक्टर जमिनमा खेती गर्नको लागि पशु पालक कृषकहरुलाई ढुवानी अनुदान सहित ५० प्रतिसत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुदा यस नगरपालिकाका नगर प्रमुख ज्यूको अध्यक्षतामा वसेको वैठकको निर्णय अनुसार तपसिलको मापदण्डमा रहि मिति २०७९/११/१८ गते दिउसो १०:०० बजे देखि घांसको विऊ वितरण गर्ने कार्यक्रम रहेकोले मंन्थली नगर बासि आम पशुपालक कृषकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

**मापदण्डहरु :**

१. घांसको विउ प्राप्त गर्नको लागि नेपाली नागरिताको प्रतिलिपी, वा घांस लगाउने जग्गा धनी पूर्जाको प्रतिलिपी हुनुपर्ने वा भाडामा लिएको भए जग्गा भाडामा लिएको जग्गाको सम्झौता पत्रको प्रतिलिपी लिएर आउनुपर्नेछ ।

२. निश्चित मापदण्डका आधारमा पहिले आउने कृषकहरुलाई प्राथमिकता दिई टियोसेन्टि घांसको विऊ बितरण गरिनेछ । साथै कृषकहरुले आफुले पालिएका पशुहरुको संख्या उल्लेख गरि कृषक स्वयम यस पशु सेवा शाखामा उपस्थित भई घांसको बिऊ लैजान पर्नेछ ।

३. घांसको विऊ प्राप्त गर्नको लागि कृषकहरुको लागत साझेदारी ५० प्रतिसत रकम प्रति के.जि.रु.९०। उपलब्ध गराउनुपर्नेछ । साथै कृषकहरु यस नगरपालिका भित्रका स्थायी वसोवास गरेको हुनुपर्नेछ ।

४. व्यवसायिक पशु फार्म संञ्चाल गरेका कृषकहरुको हकमा वढिमा ५ रोपनी जग्गामा आवश्यक पर्ने विउको मात्रा १० के.जी. विऊ नवढाई वितरण गरिनेछ ।

५. अन्यको कृषकहरुको हकमा आवश्यकता अनुसार अथवा माथी मापदण्डको बुदा नं. ४ मा उल्लेखित मात्रा भन्दा बढि विऊ वितरण गरिने छैन ।

६. यस आर्थिक वर्षमा वर्षे घांसको विऊ प्राप्त गरेका कृषकहरुको नाम थर ठेगाना, सर्म्पक नं.अध्यावधि गराएर वितरण गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**